# सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

(स्वीकृत मितिः २०८१/०२/०८)

## मंगला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बाबियाचौर, म्याग्दी

# सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

नेपालको संविधान पदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धी ऐन २०७५ बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न, गरिबीको रेखामुनि रहेका प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक प्रदान गर्न, आवास बिहिन परिवारहरुलाई सुरक्षित आवास प्रदान गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को नियम १०२ बमोजिम, मंगला गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ रहनेछ ।

ख) यो कार्यविधि मंगला गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ ।

ग) यो कार्यविधि मंगला गाउँकार्यपालिकाको कार्यालयबाट पारित भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) गाँउपालिका भन्नाले मंगला गाउँपालिकालाई सम्झनुपर्दछ ।

ख) छनौट तथा कार्यान्वयन समिति भन्नाले दफा ११ को उपदफा (क) बमोजिम गठन भएको समिति सम्झनुपर्छ ।

ग) सुरक्षित नागरिक आवास भन्नाले आगोलागी वा हावापानी थेक्न सक्ने गरी निर्माण गरिएका काठ, ईट्टा, ढुंगाबाट बनेका आवासीय भवन सम्झनु पर्दछ ।

घ) लाभग्राही भन्नाले दफा ५ बमोजिम छनौट भएको लाभग्राही (घरधनी)लाई सम्झनु पर्दछ ।

ङ) लक्षित वर्ग भन्नाले पहिचान भएका गरबीको रेखामुनि रहेका प्रकोप वा अन्य कुनै कारणले घरवार विहिन भएका परिवार सम्झनुपर्छ ।

# परिच्छेद २
# लक्षित वर्ग घर परिवार पहिचान र कार्यक्रम सञ्चालन स्थान

## ३. कार्यक्रम सञ्चालन स्थानः

क) सुरक्षित नागरिक आवासका लागि अनुदान कार्यक्रम मंगला गाँउपालिकाको ५ वटै वडाहरुमा प्राथमिकताको आधारमा सञ्चालन गरिनेछ ।

ख) कार्यक्रम सञ्चालन स्थान पहिचान गर्दा सम्भव भए सम्म विपन्न परिवारको एकिकृत आवास निर्माणमा जोड दिइनेछ ।

ग) लाभग्राही वा निजको परिवारको नाममा मंगला गाँउपालिका क्षेत्र भित्र रहेको उपयुक्त स्थानमा आवास निर्माण गर्न सकिने छ ।

## ४. सुरक्षित नागरिक आवास अनुदान प्राप्त गर्नका लागि पेश गर्नु पर्ने कागजातहरूः

क) सम्बन्धित वडाले लाभग्राही कायम गर्न गरेको सिफारिस ।

ख) सम्बन्धित लाभग्राहीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

ग) जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि वा बसोबासको प्रमाण खुल्ने कुनै कागजात वा भोगचलन गरेको सर्जिमन मुचुल्का वा सो स्थानमा बसोबास गरिरहेको अन्य प्रमाण ।

घ) सोही स्थान वा अन्यत्र निज वा निजको एकाघरको परिवारको नाममा घर नभएको भन्ने व्यहोराको वडा कार्यालयको सिफारिस ।

ङ) स्थायी बसोवास गर्दै आएको कुनै प्रमाण ।

च) विपन्न वर्गमा पर्ने भए सरकारी निकायबाट जारी भएको प्रमाण ।

छ) विपन्न/असहाय नागरिक भएको व्यहोराको वडा कार्यालयको सिफारिस पत्र ।

## ५. लाभग्राहीको छनौट प्रक्रियाः

क) सुरक्षित नागरिक आवास कार्यक्रमबाट अनुदान प्राप्त गर्न ईच्छुक र मापदण्ड पुगेका लाभग्राहीबाट अनुसुची ३ बमोजिमको ढाँचामा वडामा आवदेन दिन सक्ने गरी गाँउपालिकाबाट १५ दिनको सार्वजनिक सुचना जारी गरिनेछ ।

ख) उपदफा (क) बमोजिम पर्न आएका आवेदनहरु मध्येबाट वडा समितिले निर्णय गरी प्राथामिकताको आधारमा लाभग्राही छनौट गर्नु पर्नेछ ।

ग) उपदफा (ख) बमोजिम छनौट भएका लाभग्राहीहरुलाई वडा समितिबाट निर्णय गराई प्राथामिकताको आधारमा गाँउपालिकामा सिफारिस गर्नु पर्नेछ ।

घ) उपदफा (ग) बमोजिम वडा समितिबाट सिफारिस भई आएपछि सोको एकिन गरी प्राथामिकताको आधारमा अन्तिम लाभग्राहीहरु कायम गरी कार्यक्रम कार्यान्वयन गर्ने कार्य दफा ११ बमोजिमको समितिले गर्नेछ ।

ङ) लाभग्राही छनौट गर्दा बृद्ध, एकल महिला, दलित, विपन्न, असहाय महिला, अपाङ्गता भएका घर परिवारलाई विशेष प्राथामिकता दिइनेछ ।

च) आवास प्रयोजनको लागि सरकारी कोषबाट दोहोरो सुविधा नहुने गरी गर्नु पर्ने ।

तर

सरकारी कोष बाहेक अन्य संघ सस्था वा निकायबाट दिएको सहयोग वा सुविधालाई दोहोरो सुविधा मानिने छैन ।

## परिच्छेद ३

## सम्झौता निर्माण तथा रकम निकासा सम्बन्धी

**६. सम्झौताः**

क) दफा ५ बमोजिम सुरक्षित नागरिक आवासका लागि अनुदान प्राप्त गर्न छनौट भएका लाभग्राहीहरु सँग अनुसुची (१) बमोजिमको ढाँचामा सम्झौता गरिनेछ ।

ख) सम्झौता बमोजिमको रकम नियमअनुसार भुक्तानी गर्ने, खर्चको लेखा राख्ने सम्बन्धी सम्पुर्ण जिम्मेवारी आर्थिक प्रशासन शाखाको हुनेछ ।

**७ निर्माण कार्य र लागत सहभागिताः**

क) लाभग्राही र गाउँपालिका बिच सम्झौता पश्चात गाउँपालिकाबाट उपलब्ध गराईएको डिजाइन, ड्रोइङ र इस्टिमेट बमोजिमको ढाँचामा घर निर्माण गर्नु पर्नेछ । आवास निर्माणको डिजाइन, ड्रोइङ र इस्टिमेट तयार गर्ने कार्य पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखाबाट हुनेछ ।

ख) उपदफा (क) बमोजिमको घरको कुल लागतमा गाँउपालिकाले सम्झौता बमोजिम उपलब्ध गराउने रकम बाहेक थप रकम सेवाग्राही स्वयंले लागत सहभागितामा गर्नु पर्नेछ ।

ग) उपदफा (क) बमोजिमको ढाँचामा परिवर्तन गरी थप निर्माण गर्नु पर्ने भएमा गाँउपालिकाको पुर्व स्वीकृति लिनु पर्नेछ ।

घ) उपदफा (क) बमोजिमको घर निर्माणको लागि प्राविधिक सहयोग मंगला गाँउपालिकाबाट उपलब्ध गराइनेछ ।

**८. अन्य निकायले सहयोग गर्नेः**

क) सुरक्षित नागरिक आवास कार्यक्रमको थप विस्तारका लागि प्रदेश तथा संघीय सरकारमा (प्रस्तावना) योजना पेश गरी कार्यक्रम विस्तार गर्न सकिनेछ ।

ख) सुरक्षित नागरिक आवास कार्यक्रममा थप सहयोग र विस्तारका लागि विभिन्न संघ संस्था र दातृ निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

ग) नेपाल सरकार र प्रदेश सरकारको पूर्वाधार तथा अन्य सेवा सँग सम्बन्धित निकायहरु सँग कार्यक्रम सञ्चालन गर्न सहयोग लिन सकिनेछ ।

**९. रकम निकासाः**

क) सम्झौता पश्चात लाभग्राहीले गाउँपालिकाबाट सिफारिस गरेको बैंकमा खाता खोल्नु पर्नेछ ।

ख) गाउँपालिकाले लाभग्राहीलाई कार्यप्रगति र सम्झौताको आधारमा बैक मार्फत दुइ किस्तामा रकम उपलब्ध गराइनेछ ।

ग) सुरक्षित नागरिक आवासको लागि उपलब्ध गराइने अनुदान रकम प्रति आवास (प्रति परिवार) बढीमा ४ लाख रुपैया सम्म हुनेछ ।

घ) कुनै लाभग्राहीले विशेष कारणवश निर्माण कार्य सम्पन्न गर्न नसकेमा थप रकम प्रदान गरिने छैन ।

ङ) पहिलो किस्ता सम्झौता भए पश्चात २० (बिस) प्रतिशत र सम्झौता बमोजिम घर निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन विल भरपाईको आधारमा बाँकी ८० (असी) प्रतिशत रकम भुक्तानी हुनेछ ।

## परिच्छेद ४
## समिति सम्बन्धि व्यवस्थाः

**१०. गाउँपालिका स्तरिय सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिः**

क) कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्न वडा समितिबाट प्राथामिकिकरण भै आएका लाभग्राहीहरुको अन्तिम सुची तयार गर्न, कार्यक्रमको समन्वय, व्यवस्थापन, अनुगमन, मुल्यांकन गर्नका लागि देहाय बमोजिमको एक सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समिति रहनेछ ।

(१) गाउँपालिका अध्यक्ष -संयोजक

(२) गाउँपालिका उपाध्यक्ष -सदस्य

(३) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(४) कार्यपालिकाबाट मनोनित कम्तिमा एक जना महिला सदस्य -सदस्य

(५) पुर्वाधार/प्राविधिक शाखा प्रमुख -सदस्य सचिव

ख) वडा समितिले वडा स्तरिय सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिको रुपमा काम गर्ने र वडा स्तरिय सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. कार्यक्रम सञ्चालन सम्बन्धी वडा क्षेत्रमा कार्यान्वयन गरिने आवास संख्या निर्धारण गर्ने ।

२. सुरक्षित नागरिक आवास कार्यक्रमको लागि लाभग्राही छनौट गर्न प्रकाशित भएको सुचना बमोजिम निवेदन संकलन गर्ने ।

३. प्राप्त निवेदन उपर आवश्यक छानबिन गर्ने ।

४. लाभग्राही परिवारको प्राथामिकिकरण गरी अन्तिम टुंगो लगाउने ।

५. कार्यक्रम सञ्चालनको क्रममा कुनै बाधा आईपरेमा आवश्यक सहजीकरण गर्ने ।

६. कुनै कारणवश निर्माण कार्य सम्पन्न हुन नसकेमा सोको मुल्यांकन गर्न लगाई उचित ठहरे बमोजिमको रकम फरफारक गर्ने ।

७. सुरक्षित नागरिक आवास निर्माण कार्य र भौतिक पुर्वाधारका लागि सम्बन्धित निकायहरु सँग समन्वय सहकार्य र योजना माग गर्ने ।

८. लेखा शाखा मार्फत लाभग्राही पारिवारको सम्झौता गर्न/ गराउन लगाई कार्यक्रम कार्यान्वयन गर्ने ।

९. आवश्यकता अनुसार अनुगमन मुल्यांकन गरी सोको प्रतिवेदन तयार गर्ने ।

ग) बैठक र सुविधा सम्बन्धी व्यवस्थाः

१. सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

२. बैठकमा आवश्यकता अनुसार विज्ञ वा सम्बन्धित संस्थालाई आमन्त्रण गर्न सकिने छ ।

## परिच्छेद ५

### ११. खरको छानो विस्थापित सम्बन्धमाः

१. खरको छानो भएका परिवारलाई सुरक्षित आवासमा स्थानान्तरण गर्न खरको छानोलाई विस्थापित गरी जस्ता पाताले घर छाउनको लागि जस्ता पाताले घर छाइसकेपछि प्राविधिक प्रतिवेदन, खर्चको बिल, भरपाइको आधारमा बढीमा रु ५० हजार दिन सकिनेछ ।

२. उपदफा (१) बमोजिम सुरक्षित नागरिक आवास निर्माणको डिजाईन, ड्रोईङ इस्टिमेट तयार गर्ने, लाभग्राही छनौट गर्ने सम्झौता गर्ने भुक्तानी दिने लगायतका सबै प्रकृया यसै कार्यविधि बमोजिम हुने ।

## परिच्छेद ६
## विविध

**१२. बेच बिखन गर्न नपाउनेः**

लाभग्राहीले आवास निर्माण सम्पन्न भएको मितिले पन्ध्र वर्ष सम्म उक्त आवास बेचबिखन गर्न पाउने छैन ।

**१३. कारबाही हुनेः**

सुरक्षित नागरिक आवास कार्यक्रमबाट लाभन्विन्त हुने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेश गरी सुविधा लिएको ठहर हुन आएमा त्यस्ता व्यक्तिले लिएको सुविधा सरकारी बाँकी सरह असुल उपर गरी कानुन बमोजिम कारबाही हुनेछ ।

**१४. बचाउः**

क) यसमा उल्लेख नभएका अन्य व्यवस्थाहरु गाँउकार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

ख) यस कार्यविधिको व्याख्या, संसोधन र परिमार्जन गर्ने अन्तिम अधिकार गाउँ कार्यपालिकामा रहनेछ ।

अनुसुची -१

दफा ६ (क) सँग सम्बन्धित

# मंगला गाउँपालिका र सुरक्षित नागरिक आवास कार्यक्रमका लाभग्राही बिच अनुदान उपलब्ध गराउने सम्बन्धी सम्झौता पत्र ।

१. कार्यक्रम स्थलः जिल्लाः म्याग्दी
   स्थानीय तहः मंगला गाउँपालिका

२. उद्देश्यः सुरक्षित नागरिक आवास निर्माण ।

३. कुल लागतः ................................ गा.पा. अनुदान ........................
   लाभग्राहीको सहभागिताः ...............................

४. प्रस्तावित निर्माण कार्य अवधिः
   क. शुरु हुने मितिः
   ख. पुरा हुने मितिः

**५. निर्माण कार्य सम्बन्धी सेवा र शर्तहरुः**

क. लाभग्राही र गाउँपालिका बिच सम्झौता पश्चात नगरपालिकाबाट उपलब्ध गराईएको डिजाइन इस्टिमेट बमोजिमको ढाँचामा छाना निर्माण गर्नु पर्नेछ ।

ख. उपदफा क बमोजिमको घरको कुल लागतमा गाँउपालिकाले सम्झौता बमोजिम उपलब्ध गराउने रकम बाहेक थप रकम लाभग्राही स्वंयले लागत सहभागितामा गर्नुपर्नेछ ।

ग. उपदफा (क) बमोजिमको निर्माणका लागि प्राविधिक सहयोग मंगला गाँउपालिकाबाट उपलब्ध हुनेछ ।

घ. सम्झौता पश्चात लाभग्राहीले गाउँपालिकाबाट सिफारिस गरेको बैकमा खाता खोल्नु पर्नेछ ।

ङ. गाउँपालिकाले लाभग्राहीलाई कार्यप्रगति र सम्झौताको आधारमा पहिलो किस्ता सम्झौता भए पश्चात बिस प्रतिशत र सम्झौता बमोजिम घर निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदनको आधारमा बाँकी असी प्रतिशत रकम दुई किस्तामा बैक मार्फत उपलब्ध गराइनेछ ।

च. सुरक्षित नागरिक आवासको लागि उपलब्ध गराइने अनुदान रकम प्रति आवास (प्रति परिवार) बढीमा रु ४ लाख सम्म हुनेछ ।

छ. यस सम्झौतामा उल्लेखित बाहेकका अन्य कुराहरुको हकमा गाउँकार्यपालिकाको निर्णय र प्रचलित कानुन बमोजिम हुनेछ ।

## ६. सम्झौताका पक्षहरु:

| | |
|---|---|
| कार्यालयको तर्फबाटः | लाभग्राहीको तर्फबाटः |
| नामः | लाभग्राहीको नामः |
| पदः प्रमुख प्रशासकीय अधिकृत | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| साक्षीहरुः<br>१)<br>२)<br>३) | |

अनुसुची -२

दफा ५ (क) सँग सम्बन्धित

## लाभग्राहीले दिने निवेदनको ढाँचा

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
मंगला गाउँकार्यपालिकाको कार्यालय,
बाबियाचौर, म्याग्दी ।

विषयः सुरक्षित नागरिक आवास अनुदान सम्बन्धमा ।

म मंगला गाँउपालिका, .................... नं वडा ................................. टोलमा बसोबास गरिरहेको र मेरो आर्थिक अवस्था कमजोर भएको मेरो घर नभएको/ सुरक्षित घर नभएकोले गाँउपालिकाबाट उपलब्ध गराइने सुरक्षित नागरिक आवास कार्यक्रममा समावेश गराइ मेरो नाममा/ परिवारको नाममा कि नं. ..................को क्षेत्रफल ........................ मा बन्ने/बनेको घर जस्तापाताले छाउन/सुरक्षित नागरिक आवासको लागि सम्झौता गरी नियम अनुसार रकम उपलब्ध गराइ दिनुहुन निवेदन पेश गर्दछु ।

<u>संलग्न कागजातहरु (भएकोमा मात्र चिन्ह लगाउनुहोस)</u>

(क) सम्बन्धित लाभग्राहीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ख) जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि वा बसोबासको प्रमाण खुल्ने कुनै कागजात वा भोगचलन गरेको सर्जिमन मुचुल्का ।

(ग) सोही स्थान वा अन्यत्र निज वा निजको एकाघरको परिवारको नाममा घर नभएको स्वं घोषणा।

(घ) विगतदेखि सो स्थानमा स्थायी बसोवास गर्दै आएको प्रमाण ।

(ङ) विपन्न वर्गमा पर्ने भए सरकारी निकायबाट जारी भएको प्रमाण ।

(च) विपन्न/ असहाय नागरिक भएको वडा कार्यालयको सिफारिस पत्र ।

(छ) अन्य आवश्यक कागजातहरू ।

निवेदक
नाम थरः
ठेगानाः
सम्पर्क नः
हस्ताक्षरः